नेपाल क्रिकेट संघको विधान २०५५मा चौथो संशोधन २०८० कालागि सुझाव ( ३ महले )

| दफा | हाल सम्म भएको व्यवस्था | शंसोधन पछि | शंसोधनको औचित्य |
|---|---|---|---|
| विधानको प्रस्तावना सहित विभिन्न स्थानमा | नेपाल क्रिकेट संघको विधान २०५५मा तेस्रो संशोधन | नेपाल क्रिकेट संघको विधान २०५५मा चौथो संशोधन २०८० | शंसोधन स्वीकृत भएपछि कायम रहने |
| | भाषिक अशुद्धता भएको | भाषिक शुद्धता मिलाएको | स्पष्ट र शुद्ध भाषा मा लेखन गर्ने । |
| परिच्छेद १ दफा ३.घ मा | नेपाल क्रिकेट संघको विधान २०५५ | नेपाल क्रिकेट संघको विधान २०५५( शंसोधन सहित ) | स्पष्टताका लागि |
| परिच्छेद २ दफा ३.२मा | संघको कार्य समिति देहाय बमोजिमका १७ सदस्यहरु रहने गरी गठन गरिएको छ । | संघको कार्यसमिति देहाय बमोजिमको **१७** सदस्यहरु रहने गरी गठन गरिने छ ।<br>अध्यक्ष १, उपाध्यक्ष २, महासचिव १, सचिव १ कोषाध्यक्ष १ सबै प्रदेशको प्रतिनिधित्व हुने गरी सदस्य ९ जना र<br>कार्यसमितिको परामर्शमा अध्यक्षबाट क्रिकेट क्षेत्रमा लामो सेवा तथा योगदान गरेका व्यक्तिबाट मनोनित २ जना । | सबै क्षेत्रको प्रतिनिधित्व हुन सक्ने, राष्ट्रिय ,अर्न्तराष्ट्रिय कार्य, जिम्मेवारी विकेन्द्रीत हुने, सबै प्रदेश जिल्लाको केन्द्र भएकोले पदिय सम्मानकालागि पनि महासचिव हुनु पर्ने र कार्यालयको ब्यवस्थापनमा सहयोग गर्न थप १ सचिव को आवश्यकता महशुष गरिएको तथा लामो समय क्रिकेट को विकासमा प्रतिनिधित्व गर्नु पर्ने ब्यक्ति छुटन जाने र विशिष्ट ब्यक्तित्व सेवाको आवश्यकताका लागि २ जना मनोनित हुनु आवश्यक ठानिएको । |
| परिच्छेद २ दफा ३.२मा | हाल सम्म ब्यवस्था न भएको । | तत्काल निवर्तमान अध्यक्ष आमन्त्रीत सदस्य रहने छन । प्रदेश अध्यक्षहरुलाई आमन्त्रित केन्द्रिय सदस्यकारुपमा बैठकमा आवश्यकता अनुसार आमन्त्रित गरिने छ । बैठकमा आमन्त्रित सदस्यको मताधिरका रहेने छैन । | पूर्व अनुभवलाई निरन्तरता , सम्मान र सक्रीय सहभागिता संस्थागत विकासका लागि आवश्यक हुने।<br>-प्रदेश अध्यक्षको उपस्थितिले प्रादेशिक गतिविधि बढ्ने, सक्रियता र जिम्मेवारी बढ्ने। |
| परिच्छेद २ दफा ३.३ मा | हाल सम्म ब्यवस्था न भएको | विभागिय टीम सहभागिता सम्बन्धमा आधार तयार गरी नियमन गर्ने गराउने । | प्रतियोगितामा संस्था बाहिरको टीम सहभागिता सम्बन्धमा मापदण्ड तयार गर्नु आवश्यक भएकोले |
| परिच्छेद २ दफा ५को १ मा | संघ एक अविछिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुने छ । . . . . . | संघ एक अविछिन्न उत्तराधिकारवाला, **गैर नाफामुलक, नेपाल सरकार खेलकुद मन्त्रालय , राष्ट्रिय खेलकुद परिषद्मा आवद्ध** स्वशासित र संगठित एवं राष्ट्रिय खेलकुद परिषद् अन्तरगतको सार्वजनिक खेल संस्था हुने छ । | संस्था एक गैर नाफा मुलक र क्रिकेट खेलको विकास र सम्बर्द्धनका लागि स्थापित भएकोले । नेपाल सरकार बाट खेल सामग्रीमा कर छुट , सहुलियत प्राप्त हुने । |
| परिच्छेद २ दफा ५को ४ | हाल सम्म न भएको | संघले प्रतियोगिता आयोजना गर्न क्रिकेट खेल र खेलाडीको हितकालागि , दान दातब्य र सहयोग लिन दिन सक्ने छ । | क्रिकेट खेलको विकासकालागि सहयोग लिन र दिन आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| परिच्छेद २ दफा ७ को४ मा | राष्ट्रिय खेलकुद परिषदले मनोनित गरेका प्रतिनिधिहरुलाई पदेन सदस्यको रुपमा मनोनित गर्ने छ । | हटाउने | संघ खेलकुद परिषद्कै अभिन्न अंग भएको र खेलकुद नियमावलीमा समेत सदस्य प्रतिनिधि हुने कुनै ब्यवस्था नभएको ले । |
| परिच्छेद २ दफा ७ को७ मा | केन्द्रीय कार्य समितिका सदस्यहरुको कार्यकाल ४ वर्षको हुने छ । सदस्यहरुहरु अर्को थप १ पदावधीकालागि सोहि पदमा निर्वाचित हुने छन। | केन्द्रीय कार्य समितिका सदस्यहरुको कार्यकाल ४ वर्षको हुने छ । **पदाधिकारी**हरु अर्को थप १ पदावधीकालागि सोहि पदमा निर्वाचित हुन सक्नेछन । | नेतृत्व , पदाधिकारीहरुको परिवर्तन बान्छनिय रहेको तर सदस्यहरुलाई यस्तो बाध्यता समय सापेक्ष नरहेको । |
| परिच्छेद २ दफा ७ मा ८ थप | हाल सम्म ब्यवस्था न भएको । | कुनै पनि निर्वाचित पदाधिकारीहरु एक पटकमा एक तहमा मात्र वहाल रहन पाउने छन । माथिल्लो तहमा निर्वाचित भएमा तल्लो तहको पद स्वत: रिक्त हुने छ । | सागठनिक जवाफदेहिता कायम रहने, जिम्मेवारी महशुष हुने तथा माथिल्लो निकायको निति निर्देशन कार्यान्वयन गर्न सकिने । |
| परिच्छेद २ दफा ७ मा ९ थप | हाल सम्म ब्यवस्था न भएको । | प्रादेशिक क्रिकेट संघ जिल्ला संघ र केन्द्रको पुलको रुपमा रहने छ । केन्द्रबाट हुने काम कारवाही , आर्थिक निकासा प्रदेश मार्फत हुने र जिल्लाको रिपोर्टिंग प्रदेश मार्फत हुनेछ । | तीन वटै तहमा कार्यविभाजन, समन्वय रहने तथा संघिय ढाचा अनुसार प्रदेश सक्रिय र जिँम्मेवार वन्ने। जिल्लाहरुले हरेक कार्यकालागि केन्द्र धाउनु नपर्ने । |
| परिच्छेद ४ दफा ९ मा ६ मा | प्रत्येक जिल्ला क्रिकेट संघमा निम्न बमाजिमको १५ जना सदस्यहरुरहने गरी जिल्ला कार्य समिति गठन गरिने छ । | प्रत्येक जिल्ला क्रिकेट संघमा निम्न बमाजिमको **११ जना देखि १५ जना सम्म** सदस्यहरु रहने गरी जिल्ला कार्य समिति गठन गरिने छ ।<br>तत्काल निवर्तमान अध्यक्ष आमन्त्रित सदस्य रहने छन। | ठुलो कार्य समिति हुदा कार्यगर्न असहज भएको, कोरम न पुग्ने र सदस्य संख्या कम भएको जिल्लामा समिति गठन गर्न समेत असहज भएको । |
| परिच्छेद ५ दफा १२ मा४ थप | हाल सम्म ब्यवस्था न भएको । | प्रादेशिक क्रिकेट संघको वार्षिक साधारण सभा हरेक वर्ष र निर्वाचन प्रयोजनकालागि प्रत्येक ४ वर्षमा प्रादेशिक सभाको अधिवेशन हुने छ । | वार्षिक रुपमा समक्षिा, लेखा प्रतिवेदन,कार्यक्रम अनुमोदन तथा निर्माण गर्न । |
| परिच्छेद ५ दफा १३ मा थप | हाल सम्म ब्यवस्था न भएको । | घ) लेखा परीक्षण प्रतिवेदन पारित गर्ने, वार्षिक कार्यक्रम तथा वजेट पारित गर्ने | अति आवश्यकिय बैधानिक कार्य भएकोले। |
| **परिच्छेद ५ दफा १५ मा थप** | हाल सम्म ब्यवस्था न भएको । | • जिल्ला स्थित क्लव , क्रिकेट संस्थाहरुलाई मन्यता प्रदान गर्ने अभिलेखिकरण गर्ने।<br>• मान्यता प्राप्त क्लवहरुवीच प्रतियोगिता संचालन गर्ने ।<br>• जिल्लामा संचालन हुने प्रतियोगिताहरु, मैदान, दक्ष जनशक्तिको अभिलेख अद्यावधिक गर्ने ।<br>• अन्य संघ सस्थाहरुले संचालन गर्ने प्रतियोगिताहरुलाई आवद्ध गर्ने, मान्यता दिने, अभिलेख राख्ने ।<br>• जिल्ला संघले गरेको कार्य प्रगतीको प्रदेशमा प्रतिवेदन दिने । | सस्थागत सुदुडिकरणका लागि । |

| | | | |
|---|---|---|---|
| **परिच्छेद ५ दफा १६मा थप** | हाल सम्म व्यवस्था न भएको | क) नेपाल क्रिकेट संघको कुनै पनि निकायमा आवद्ध हुने क्रिकेट क्लव, एकेडमीहरुका लागि कार्यविधि तयार गरी लागु गर्ने छ ।<br>ख) नेपाल क्रिकेट संघमा आवद्ध प्रविधिक संघहरु सम्बन्धमा आवश्यक कार्य विधि तयार गरी नियमन गर्ने ,।<br>अ) संघमा दर्ता हुनु पर्ने ।<br>आ) वार्षिक रुपमा नवीकरण गर्नु पर्ने ।<br>वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने<br>ग) संघमा आवद्ध प्राविधिक संघहरु तथा क्लवहरुले संघको विधानको परिधि भित्र रही निती निर्देशनको कालना गर्नु पर्ने छ । | संघ र क्लवहरुको नियमनका लागि। |
| **परिच्छेद ७ दफा १८मा थप** | ३) सचिव को काम कर्तब्य र अधिकार | ३)महासचिव को काम कर्तब्य र अधिकार | पदको नाम परिवर्तत गरिएकोले |
| **परिच्छेद ७ दफा १८मा थप** | ५) थप गर्ने | क) महासचिव को कार्यमा सहयोग गर्ने ।<br>ख) सचिवले काम गर्ने भनि तोकिएको काम गर्ने।<br>ग) कार्यालय व्यवस्थापनको कार्यमा सहयोग गर्ने।<br>घ) प्रादेशिक संघहरुसंघ समन्वय गर्ने , कार्य प्रगती विवरणहरु तयार गर्ने | सचिवको काम कर्तब्य र अधिकार को ब्यवस्थापन कालागि |
| **परिच्छेद ९ दफा २३ (२) ङ मा थप** | अर्न्तराष्ट्रिय क्रिकेट जगतमा राष्ट्रिय खेललाई सम्मान जनक स्थान दिलाउन योगदान पुऱ्याउने खेलाडी , प्रशिक्षक वा निर्णयक वा स्कोरर | अर्न्तराष्ट्रिय क्रिकेट जगतमा राष्ट्रिय खेललाई सम्मान जनक स्थान दिलाउन योगदान पुऱ्याउने **पूर्व खेलाडी** , प्रशिक्षक वा निर्णयक वा स्कोरर । | हाल खेलिरहेको खेलाडीलाई संस्थामा आवद्ध गर्दा खेल प्रभावित हुने, गलत प्रतिस्पर्धामा बृद्धि हुने । |
| **परिच्छेद ९ दफा २३ (३) क मा थप** | नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गरेको राष्टिय स्तरको प्रतियोगितामा कम्तीमा तीन (३) वटा प्रतियोगिता खेलेको खेलाडी ( महिला तथा पुरुष )। . . . | नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गरेको राष्टिय स्तरको प्रतियोगितामा कम्तीमा तीन (३) वटा प्रतियोगिता खेलेको **पूर्व खेलाडी** ( महिला तथा पुरुष )। . . . | हाल खेलिरहेको खेलाडीलाई संस्थामा आवद्ध गर्दा खेल प्रभावित हुने, गलत प्रतिस्पर्धामा बृद्धि हुने । |
| **परिच्छेद ९ दफा २३ (५) मा थप** | हाल सम्म ब्यवस्था न भएको | सदस्यता शुल्कको ७० प्रतिशत जिल्ला संघमा, २० प्रतिशत प्रादेशिक संघमा र १० प्रतिशत रकम केन्द्रमा पठाउनु पर्ने छ । | शुल्क अभिलेख हुने, केन्द्र सम्म शुल्क र अभिलेख जम्मा हुदा नेपाल क्रिकेट संघमा आवद्धताको अनुभुती हुने । |
| **परिच्छेद १० दफा २९मा ३ थप** | हाल सम्म ब्यवस्था न भएको | ३) संघको ब्यवस्थापकिय तथा आर्थिक पक्ष चुस्त दुरुस्त र संगठनमा काम गर्ने कर्मचारीहरुको सेवा, सुविधा सुनिश्चितताका लागि कर्मचारी विनियमावली तथा आर्थिक विनियमावली तयार गरी लागु गरिने छ । | पेशागत रुपमा सेवा सुविधा तथा भविश्यको सुनिश्चिता का लागि ।<br>,,चुस्त दुरुस्त प्रशाशनिक ब्यवस्थाकालागी |

| | | | |
|---|---|---|---|
| **परिच्छेद १० दफा ३१मा थप** | हाल सम्म ब्यवस्था न भएको | संघको हरेक तहमा क्रिकेट सम्बन्धि कार्य अनुभव आदान प्रदान गर्न ५ सदस्यिय एक सल्लाहकार समिति गठन गरिने छ । सो समितिमा एक जना संयोजक र ४ जना सदस्य रहने छन।<br>• सल्लाहकार समितिमा पूर्व अध्यक्ष, क्रिकेट खेलमा लामो समय या उल्लेखनिय योगदान गर्ने ब्यक्ति रहने छन ।<br>• कार्य समितिलाई क्रिकेट खेलको विकासमा आवश्यक सल्लाह सुझाव प्रदान गर्नुका साथै कार्य समितिको प्रतिनिधित्व गरी राष्ट्रिय ,अर्न्तराष्ट्रिय सभा ,सम्मेलन गोष्ठिमा समेत प्रतिनिधित्व गर्न सक्ने छन ।<br>• क्रिकेट सम्बन्धि विषयगत समितिको ब्यवस्था काम कर्तब्य र अधिकार विधान मै ब्यवस्था गरिनु पर्ने<br>क)कार्य सम्पादन समिति<br>ख) प्रतियोगिता समिति<br>ग) अनुशासन समिति , छनोट समिति<br>आर्थिक समिति आदी | बैधानिक मान्यता हुने । क्रिकेट क्षेत्रका सम्मानित र ख्याती प्राप्त ब्यक्तिहरुको सक्रिय सहभागिता हुने । |
| **परिच्छेद १० दफा ३१मा थप** | हाल सम्म ब्यवस्था न भएको । | जिल्ला संघहरुहरु कार्य सम्पादन एवं कार्य प्रगतीका आधारमा केन्द्रीय कार्य सम्पादन समितिले श्रेणी विभाजन गर्ने छ । सोही आधारमा अनुदान थपघट गर्न सक्ने छ । | कार्य प्रगीकालागि सक्रिय गर्न सकिने र कार्यक्रम संचालन गर्ने जिल्ला लाई थप हौसला प्रदान हुने । |
| **परिच्छेद १२ दफा ३९मा** | संघको आफ्नै छुट्टै कोष रहने छ ।संघको कोषको संचालन वित्तिय नियमावलीको ब्यवस्था बमोजिम हुने छ ।केन्द्रिय कार्य समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षरमा संघको कोष संचालन गरिने छ । | संघको आफ्नै छुट्टै कोष रहने छ ।**संघ एक गैर नाफामुलक नेपाल सरकार खेलकुद मन्त्रालय , राष्ट्रिय खेलकुद परिषद् अन्तरगत सार्वजनिक स्वशासित** संस्था भएकाले **कोषको कुनै रकम नाफामुलक कार्य गरिने छैन । तर संस्थागत विकास, प्रतियोगिता संचालन गर्न ,क्रिकेट खेलको विकास र खेलाडीको हितकालागि दान दातब्य, चन्दा सहयोग , अनुदान लिन र दिन सक्ने छ ।** संघको **तीन वटै तहमा** आआफ्नै छुट्टै कोष रहने छ ।**संघ, प्रदेश र जिल्लाको** कोषको संचालन वित्तिय नियमावलीको ब्यवस्था बमोजिम हुने छ । **कार्य समिति**का अध्यक्ष, कोषाध्यक्ष र महासचिव मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षरमा कोष संचालन गरिने छ ।कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने छ । | जिल्ला , प्रदेशको कोषको बारेमा समेत स्पष्ट गर्न । |

| | | | |
|---|---|---|---|
| **परिच्छेद १२ दफा ३८मा थप** | हाल सम्म न भएको | १) संघको कोषको संचालन तथा व्यवस्थापन कोषाध्यक्षको निर्देशनमा प्रमुख वित्त अधिकारीको हुने छ।<br>२) आर्थिक प्रशासन संचालन गर्न आर्थिक नियमावली अनुसार लेखा प्रशासनमा आवश्यक कर्मचारी ब्यवस्थापन गरी दैनिक आर्थिक कारोवार संचालन गरिने छ।<br>३) प्रमुख वित्त अधिकारीले आर्थिक विवरण कोषाध्यक्ष मार्फत कार्यसमिति र साधारण सभामा प्रस्तुत गर्नु पर्ने छ।<br>४) संघको आन्तरिक लेखा समय समयमा जांच गरी सुझाव सल्लाह दिन कार्य समितिका सदस्यको संयोजकत्वमा ३ सदस्यिय आर्थिक समिति रहने छ।उक्त समितिले आ. ले प समेत गरी समय समयमा आर्थिक प्रतिवेदन कार्य समितिमा पेश गर्ने छ। | आर्थिक पारदर्शिता तथा आर्थिक व्यवस्थापनकालागि। |
| **परिच्छेद १४ दफा ४३ मा** | हाल सम्म व्यवस्था न भएको। | **निर्वाचन सम्बन्धि स्पष्ट व्यवस्था हुनु पर्ने। निर्वाचन समितिबारे उल्लेख गर्नू पर्ने उम्मेदवारको योग्यता स्पष्ट हुनु पर्ने।**<br>• **कुनै पनि तहमा अध्यक्षको उम्मेदवार हुन सो तहको कार्य समितिमा कम्तीमा एक कार्यकाल पदाधिकारी भई काम गरेको हुनु पर्ने।**<br>• **कुनै पनि तहमा पदाधिकारीको उम्मेदवार हुन कुनै पनि तह या एक तह मुनीको कार्य समितिमा कम्तीमा एक कार्यकाल पदाधिकारी भईकाम गरेको हुनु पर्ने।** | **निर्वाचन सम्बन्धि स्पष्ट व्यवस्था हुनु पर्ने**<br>**संस्थाको कामको अनुभव हुनु जरुरी हुने भएकाले।** |
| **परिच्छेद १४ दफा ४८ थप** | हाल सम्म व्यवस्था न भएको | **४८.१ ब्याख्या :** यस विधान र विधान अन्तरगत भएका नियम विनियमावलीहरुको अन्तिम ब्याख्या गर्ने अधिकार केन्द्रिय साधारण सभालाई हुने छ। | विधानमा हुनु पर्ने न्युनतम पक्ष भएकोले। |
| | | **४८ २ निर्देशन पालना गर्ने :** नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद् र आवद्ध संस्था ( ICC, ACC ) ले दिएको निर्देशनको पालना गर्नु संघको कर्तब्य हुने छ। | विधानमा हुनु पर्ने न्युनतम पक्ष भएकोले। |
| | | **४८ ३ गोप्यता भंग गर्नु नहुने :** यस संघको कुनै पनि तहको समिति पदाधिकारी , सदस्य , वा अधिकारी वा कर्मचारीले संस्थाको अहित हुने गरी पदमा रहदा वा नरहदा समेत गोप्यता भंग गर्नु हुदैन। कुनै पनि सभा बैठकवा कार्यालयमा अशिष्ट र असभ्य भाषाको प्रयोग गर्नु हुदैन। | विधानमा हुनु पर्ने न्युनतम पक्ष भएकोले। |
| | | **४८.४ संस्थाको खारेजी र जायजेथा :** नेपालको प्रचलित कानुन अनुसार वा संस्थाको साधारण सभाको दुई तिहाई बहुमतले पारित गरेमा वा आवद्ध अर्न्तराष्टिय संस्था( ICC,ACC)को राय समेतका आधारमा सरकारले क्रिकेट संघ खारेज गर्न निर्णय गरेमा संस्थाको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्तीमा नेपाल सरकार, खेलकुद मन्त्रालय अर्न्तगत राष्ट्रिय खेलकुद परिषदको स्वामित्व हुने छ। | विधानमा हुनु पर्ने न्युनतम पक्ष भएकोले। |
| अनुसूचीहरु | प्रदेश नं भएको र नाम न भएको। र जिल्लाहरु थप भई सकेको | **प्रदेशहरुको नाम राखिने छ। थपिएका जिल्लाहरुलाई समावेश गरिने छन्।** | **प्रदेशहरुको नामाकरण भई सकेकाले । जिल्लाहरु थप भएकाले।** |